NEPALI

2024-05-30

# Indian Creek Elementary का शिक्षकले प्रतिष्ठित मेट्रो अटलांटा सेफ रूट्स टू स्कूल च्याम्पियन अफ द ईयरको पुरस्कार जितेका छन्

Indian Creek Elementary School का STEM शिक्षक डा. Adam Nykamp मेट्रो एटलान्टा Safe Routes to School (*SRTS*) को वर्ष विजेता बनेका छन् । Georgia Safe Routes to School ले मे 21 मा विद्यार्थीहरू, शिक्षकहरू, तथा कर्मचारीहरूको अगाडि उनलाई पुरस्कार प्रदान गरेको थियो ।

एटलान्टा Safe Routes to School वर्ष विजेता पुरस्कार त्यस्ता व्यक्तिलाई दिइन्छ जसले आफ्नो विद्यालयको Safe Routes to School (विद्यालय आउनेजाने सुरक्षित मार्ग) कार्यक्रमको नेतृत्व गर्छ । यो कार्यक्रम Georgia यातायात विभागको पहल हो जसले परिवारहरूलाई सुरक्षित भएर विद्यालय आउनजान सामर्थ्य प्रदान गर्छ र प्रोत्साहित गर्छ ।

*Ladybug for Girls Foundation* ले डा. Nykamp लाई Indian Creek ES को उत्साहजनक सहयोगको लागि पुरस्कारको लागि मनोनयन गरेको थियो । Clarkston मा रहेको संस्थाले खेलकुद, कल्याण, तथा स्वास्थ्य शिक्षा मार्फत महिलाहरूको क्षमता बढाउँछ ताकी उनीहरूलाई भित्रि बाहिरबाट राम्रो महसुस गर्न सहयोग गर्न सकियोस् । आफ्नो मनोनयनमा, संस्थाले विद्यार्थी सुरक्षाको प्रतिको डा. Nykamp को समर्पण र हरेक बच्चाको कल्याण सुनिश्चित गर्ने उनको उत्साहको प्रशंसा गरेको थियो, जुन कुरा उनले गरेका हरेक कुराहरूले प्रमाणित गर्छ ।

"प्रत्येक वर्ष, बिना कुनै असफलता, उनी क्रसिङ गार्डहरू मिलाउँछन्, विद्यालय समुदाय भित्र SRTS को प्रवर्धन गर्छन्, र अभिभावक र विद्यार्थीहरूसँग सडक सुरक्षासँग सम्बन्धित आकर्षक कार्यशालाहरूको नेतृत्व गर्छन्," संस्थाले भन्यो ।

"आफ्नो STEM शिक्षकको भूमिका भन्दा बाहिर र माथि जाने उनको प्रतिबद्धता प्रेरणादायी र हृदयस्पर्शी छ । Adam ले सबै विद्यार्थीहरूको सुरक्षाको लागि जुन हेरचाह देखाउँछन्, त्यो साँचो छ र यो कुरा उनले गरेका हरेक कार्यहरू - संकायसँगको रमाइलो सहभागितादेखि धैर्यतापूर्वक K-5 का बालबालिकाहरूलाई जिम्मेवार भएर सडकमा हिँड्न सिकाउने कुरासम्ममा स्पष्टसँग देखिन्छ । उनले विद्यालयमा सुरक्षित मार्गहरूको लागि साँचो अधिवक्ता हुनुको अर्थ के हो भनेर मूर्त उदाहरण दिएका छन् ।"

Metro Atlanta की क्षेत्रिय संयोजक Marielena Gutiérrez ले डा. Nykamp साँच्चिकै यो पुरस्कार प्राप्त गर्न हकदार छन् भनेर भनिन् ।

"विद्यालय विजेताको रूपमा उनले देखाएको समर्पणबाट म गौरवान्वित छु," उनले भनिन् । "DeKalb, Clayton, Fulton, र Rockdale काउन्टीका 155 विद्यालयहरूबाट एक मात्र विद्यालय छनौट गर्नु गाह्रो हुन्छ उनी यो र अन्य धेरै पुरस्कारहरू प्राप्त गर्न हकदार छन् ।"

XXX